प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

प.सं. :०७६/०७७
च.नं. :

मिति:-२०७६/१२/११

## सार्वजनिक सूचना

यस प्रदेश अन्तर्गत अत्यावश्यक सेवाको क्षेत्रमा कामकाज गर्ने मुख्य पदाधिकारी तथा कर्मचारीहरु अनिवार्य रुपमा आफूलाई तोकिएको कार्यक्षेत्र तथा निकायहरुमा अनिवार्य उपस्थित भई कामकाज गर्ने र अन्य कर्मचारीहरुको हकमा अर्को व्यवस्था नभए सम्मका लागि सम्वन्धित निकाय वा कार्यालयको प्रमुखले आवश्यक पर्दा कार्यालयमा उपस्थित हुनेगरी घरबाटै कामकाज ( work from home)गर्ने व्यवस्था मिलाउन, घरमा रहने कर्मचारीले अनिवार्य रुपमा कार्यालयको कर्मचारीहरुसँग Virtual Network मार्फत सम्पर्कमा रहन र बोलाएको वखत तुरुन्त जिम्मेवारी वहन गर्नेगरी २४ घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाउन यस प्रदेश भित्रका सबै सरकारी, नीजि, गैर सरकारी निकायहरुलाई विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण र प्रभाव न्यूनिकरण तथा नियन्त्रण गर्न र सम्भावित मानवीय लगायतका अन्य क्षति न्यूनिकरण गर्ने कार्यमा अग्रसरता देखाई आ-आफ्नो स्तरबाट सक्रिय र सार्थक योगदान गरीदिनु हुन सरोकारवाला सबैमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय अनुरोध गर्दछ ।

......................
(नितु दुबे)
प्रवक्ता